बैठक नं. २१

आज मिति २०८०/०३/३१ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | टेकराज पन्थी | सचिव | |

प्रस्ताव नं.२१.१
मिति २०८०/३/९ मा बसेको अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।
निर्णय नं.२१.१

- आ.व.०८०/०८१ का लागि बुटवल उपमहानगरपालिकाको आम्दानी र खर्च/ आय र व्ययको विवरण सहितको २ अरव ३६ करोड ५४ लाखको वार्षिक बजेट नगरसभामा पेश गर्ने गरी निर्णय लिइएको।
- अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक, (आर्थिक विधेयक),२०८० नगरसभाको तेह्रौ अधिवेशनको तेस्रो बैठकमा टेवुल गर्नका लागि सिफारिस गरी पठाईएको र नगरसभाले विधेयक स्वीकृत गरी प्रमाणीकरण भई स्थानीय राजपत्रमा समेत प्रकाशित भईसकेको।
- खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक (विनियोजन विधेयक), २०८० नगरसभामा पेश गर्ने सिफारिस गरी पठाईएको र सभाबाट स्वीकृत भई प्रमाणीकरण र स्थानीय राजपत्रमा समेत प्रकाशित गरि सकिएको।
- तिनाउँ र दानव नदीको प्रारम्भिक वातावरणीय परीक्षण IEE स्वीकृत गरिएको।
- नाप नक्शाँकनको प्रकिया अगाडि बढाउन राष्ट्रिय भुमि आयोग जिल्ला समिति रुपन्देहीमा सिफारिस गर्ने गरी निर्णय लिईएको।
- ग्रेड छुट भएका कर्मचारीहरुको लागि अध्ययन गरी प्रतिवेदन दिनका लागि कार्यदल गठन गरिएको।

प्रस्ताव नं.२१.२
स्वास्थ्य तर्फ कार्यरत कर्मचारीहरुको सम्बन्धमा।
निर्णय नं.२१.२
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं.०७९/०८० च.नं.५८५१ मिति २०८०/३/२५ को प्राप्त पत्र आजको बैठकमा प्रस्तुत भई छलफल गरियो। पत्रले निर्दिष्ट गरे बमोजिम यस बुटवल उपमहानगरपालिकामा कामकाज गर्ने गरी खटिई आएका कर्मचारीलाई फिर्ता पठाउने र समायोजन, समायोजन मिलान समायोजन संशोधन भई स्वास्थ्य तर्फ हाल कार्यरत दरवन्दी भन्दा बढी कर्मचारीहरुको हकमा समेत तलव भत्ता र पारिश्रमिक भुक्तानीका लागि श्रोतको सुनिश्चितता नभएमा उल्लेखित परिपत्रलाई आधार मानी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गरी फिर्ता पठाउने निर्णय गरियो।
प्रस्ताव नं.२१.३
नगर दररेट स्वीकृत सम्बन्धमा।
निर्णय नं.२१.३
विकास निर्माणका लागि प्रयोग हुने वस्तु तथा सेवाको मूल्यमा एकरुपता कायम गर्न कानूनले तोके बमोजिम न्यूनतम दररेट निर्धारण गरी लागु गर्नुपर्ने भएको हुँदा आ.व.०८०/०८१ का लागि बुटवल उपमहानगरपालिकाको नगरस्तरीय दररेट निर्धारण समितिले सिफारिस गरेको पाना ४९ को नगर दररेट स्वीकृत गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो।

प्रस्ताव नं.२१.४ बिविध ।
प्रस्ताव नं.२१.४.१
नाप नक्शांकनका लागि जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
निर्णय नं.२१.४.१

राष्ट्रिय भूमि आयोग जिल्ला समिति रुपन्देही मार्फत यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्र भुमिहिन र अव्यवस्थित क्षेत्रहरुमा नाप नक्शाँकनको कार्य भइरहेको र उक्त कार्यका लागि मिति २०८०/२/३ मा बसेको नगर कार्यपालिकाको १७ औं बैठकको निर्णय नं.१७.७ बाट बढीमा २०८० असार मसान्त सम्मका लागि थप जनशक्तिको व्यवस्था गरिएकोमा उक्त नापी कार्य निरन्तर चलिरहेको हुँदा सो जनशक्तिबाटै हाललाई २०८० असोज मसान्त सम्मका लागि नाप नक्शाँकनको कार्य प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।